# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०३।०८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी लाभ तथा हानी पुर्‍याई भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०३।०७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
भोला दाहाल

**देहायः**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु सत्यजीव कुमार सिंह, टुनालाल कर्ण, शीतल रीमाल, सूचना तिमल्सिना, घनश्याम झा र ललित नारायण झा को मु.नं (०७७-CR-००४८) फैसला मिति २०७९।०९।०१ | सरकारी रकम हानीनोक्सानी गरी भ्रष्टाचार गरेको। | प्रतिवादी सत्यजीव कुमार सिंह उपर विगो रु.१७,७५,७४२।४० कायम गरी, प्रतिवादी शीतल रीमाल उपर विगो रु.७,८६,२८७।६४ कायम गरी तथा प्रतिवादी सूचना तिमल्सिना उपर विगो रु.७,८६,२८७।६४ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) को खण्ड (ग) र (ङ) को कसुरमा दफा ८ (१) बमोजिम सजाय गरी पाउँन तथा प्रतिवादी टुनालाल कर्णको हकमा विगो रु.७,८६,२८७।६४, प्रतिवादी घनश्याम झाको हकमा विगो रु.१७,७५,७४२।४० तथा प्रतिवादी ललित नारायण झाको हकमा विगो रु. ७,८६,२८७.६४ कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसूरमा सोही दफा बमोजिम सजाय गरी पाउँ भन्ने आरोपदावी रहेको।<br>अदालतबाट प्रतिवादी घनश्याम झा, टुनालाल कर्ण, ललित नारायण झालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) वमोजिम कसुर गरेको ठहर्न आएको भनी प्रतिवादी सत्यजीव कुमार सिंहलाई रु. १२,८८,५३५।९५ (०७१/०७२ को ७,६४,८८३।९५ र ०७२/०७३ को रु. ५,२०,६४९) विगो कायम भई विगो वमोजिम जरिवाना र कसुरको मात्रा अनुसार ४ महिना कैद सजाय हुने र विगो मध्ये ५,९३,७०६/- मुद्धा दायर हुनु अगावै राजश्व खातामा दाखिला भई सकेको देखिदा सो कट्टा गरी बाँकी विगो रु. ६,९४,८२६।९५ निजबाट असुल उपर हुने गरी फैसला भएको देखिन्छ। प्रतिवादी | फैसलाः प्रतिवादीहरुलाई आंशिक कसुर ठहर तथा सफाई।<br>विशेष अदालतले आंशिक कसुर ठहर तथा सफाई दिदा लिएका फैसलाका आधारहरुः<br>•प्रतिवादीहरु सत्यजीव कुमार सिंह, घनश्याम झा, टुनालाल कर्ण र ललित नारायण झाको आपसी मिलोमतोमा आ.व. ०७१/०७२ र आ.व. ०७२/०७३ मा राजविराज नगरपालिकासँग भएको सम्झौता एवं निर्धारित मापदण्ड वमोजिमको संख्यामा वृक्षारोपण नगरेको तथा गुणस्तरहिन तारजाली प्रयोग गरी आरोपदावी वमोजिमको कसुर गरेको भन्ने प्रमाणबाट देखिन आएको।<br>•मागदावी वमोजिम प्रतिवादी सत्यजीव कुमार सिंहले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय (ग) वमोजिम प्रतिवादी घनश्याम झा, टुनालाल कर्ण र ललित नारायण झाले ऐ. ऐनको दफा ८(४) वमोजिम कसुर गरेको देखिएको।<br>•सत्यजीव कुमार सिंहको हकमा आ.व. ०७१/०७२ को रु. ७,६४,८८३।९५, आ.व. ०७२/७३ को रु. ५,२०,६४९/- समेत गरी जम्मा रु. १२,८८,५३५।९५ विगो कायम भई विगो वमोजिम | •जिल्ला सप्तरी राजविराज नगरपालिका भित्रको सडकको दाँया बाँया वृक्षारोपण गर्नका लागि निकासा रकम मध्ये केही स्थानमा मात्र वृक्षारोपण गरी बाँकी रकम नगरपालिकाका कर्यकारी अधिकृत समेतको मिलोमतोमा हिनामिना गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा तारजाली सहितको वृक्षारोपण गर्नका लागि आ.व. ०७१/०७२ मा रु. २४,००,०००/-, आ.व. ०७२/०७३ मा रु. २३,००,०००/- गरी जम्मा रु. ४७,००,०००/- विनीयोजित रकमबाट आ.व. ०७१/०७२ मा तारजाली सहित ७०० वटा विरुवा र आ.व. ०७२/०७३ मा तारजाली सहित २८७ वटा विरुवा गरी जम्मा ९७६ विरुवा रोपीएको भन्ने नगरपालिकाको कागजबाट खुलाई आएको।आ.व. ०७१/०७२ को वृक्षारोपण कार्यक्रमको रु. २३,९९,८४६।३० रकमको मूल्याङ्कन विल तथा कार्य सम्पन्न प्रतिवेदन आर.के. इन्जिनियरिङ्ग कन्सल्टेन्सीका प्रोपराईटर टुनालाल कर्णले तयार गरेको, सवइन्जिनियर सत्यजीव कुमार सिंहबाट चेकजाँच भई कार्यकारी विष्णु प्रसाद गुरुङबाट स्वीकृत भएको तथा सेभ द नेपालका अध्यक्ष घनश्याम झाको पनि दस्तखत रहेको। सो मूल्याङ्कन अनुसार भुक्तानी गर्न टिप्पणीमा सवइन्जिनियर सत्यजीव कुमार सिंह र अनुगमन मुल्याङ्कन अधिकृत शीतल रीमालले सिफारिससमेत गरेको। आ.व. २०७२/७३ को रु. २२,९८,८७६।३२ रकमको अन्तिम मूल्याङ्कन विल, कार्य सम्पन्न प्रतिवेदन सवइन्जिनियर सत्यजीव कुमार सिंहले तयार गरी तत्कालीन कार्यकारी विष्णुप्रसाद गुरुङबाट स्वीकृत भएको तथा उपभोक्ता समितिका अध्यक्ष घनश्याम झाको पनि दस्तखत रहेको। अनुगमन तथा मूल्याङ्कन अधिकृत सूचना तिमल्सिनाले उपभोक्ता समितिको भूक्तानीका लागि निवेदनमा PFM अनुसार सडक दाँया बाँया वृक्षारोपण भएको भनी स्वीकृत गरेको र वृक्षारोपण कार्यक्रमको भुक्तानी गर्न सवइन्जिनियर सत्यजीव कुमार सिंहको सिफारिससमेत भएको।भुक्तानी भएको वृक्षारोपण कार्यक्रमको स्थलगत निरीक्षण प्रतिवेदनबाट आ.व. ०७१/०७२ मा ४७६ वटा तारजाली सहित विरुवा रोपिएको र प्रयोग भएका तारजाली निर्धारित तौल भन्दा कम भएको आधारमा हिसाव गर्दा रु. ९,८६,२८७।६४ र आ.व. ०७२/७३ मा २८७ थान तारजाली सहित २२२ मात्र विरुवा रोपिएको तथा प्रयोग भएको तारजाली निर्धारीत तौल भन्दा कम भएकोले सो आधारमा हिसाव गर्दा रु. २,८९,४५४।७६ गरी जम्मा रु. १७,७५,७४२।४० बढी रकम भुक्तानी लिई दिई सरकारी रकम हानी नोक्सानी भएको पुष्टी भइरहेको तथ्यलाई विशेष अदालतको फैसलामा प्रतिवादीहरु सत्यजीव कुमार सिंह, घनश्याम झा, टुनालाल कर्ण र ललित नारायण झाको आपसी मिलोमतोमा सम्झौता एवं निर्धारित मापदण्ड वमोजिमको संख्यामा वृक्षारोपण नगरेको तथा गुणस्तरहिन तारजालीको प्रयोग गरी आरोपदावी वमोजिमको कसुर गरेको भन्ने प्रमाणबाट देखिन आउँदा प्रतिवादीहरुलाई विगो वमोजिम जरिवाना तथा असुल उपर हुनु पर्नेमा सो नगरी भएको हदसम्मको फैसला त्रुटीपूर्ण छ।<br>•प्रस्तुत विषयमा छानविन गरी आवश्यक कार्यवाहीका लागि उजुरी परी वृक्षारोपण तथा तारजाली सम्बन्धमा डिभिजन वन कार्यालय सप्तरीका डिभिजन वन अधिकृत समेतको मिति २०७५/६/१८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | घनश्याम झाको हकमा दफा ८(४) वमोजिमको कसुरमा ६ महिना कैद सजाय, प्रतिवादीहरु ललित नारायण झा र टुनालाल कर्णलाई जनही ३ महिना कैद हुने ठहर गरी प्रतिवादीहरु शीतल रीमाल र सूचना तिमल्सिनाको हकमा सफाई पाउने तथा वादीको अन्य आरोपदावी पुग्न नसक्ने ठहर गरी फैसला भएको। | जरिवाना र कसुरको माग अनुसार ४ महिना कैद सजाय हुने र विगो मध्ये रु. ५,९३,७०६/- मुद्धा दायर हुनु अगावै राजश्व खातामा जम्मा भइसकेको देखिंदा सो कट्टा गरी बाँकी विगो रु. ६,९४,८२६।९५ निजबाट असुल उपर हुन।<br>•प्रतिवादीहरु शीतल रीमाल र सूचना तिमल्सिना दुवैजनाले सम्झौता अनुसारको कार्य सम्पन्न भएको भनी प्रतिवेदन दिने तथा रकम भुक्तानी दिने कार्यमा संलग्न रहेको भन्ने देखिन नआई वृक्षारोपण गर्ने कार्यको अनुगमन गरी प्रतिवेदन दिने सम्मको कार्यमा संलग्न रहेको देखिंदा निजहरुको हकमा प्रमाणको अभाव भई निजहरुले आरोपदावीबाट सफाई पाउने। | गतेको प्रतिवेदनमा ०७१/०७२ मा राजविराज नगरपालिका भित्रको सडकको दायाँ वायाँ ७०० वटा तारजाली सहित विरुवा रोपनका लागि रु. २३,९९,८४६।३० स्टिमेट भएको र सोही अनुसारको नापी भएको मेजरमेन्ट बुकबाट देखिएकोमा स्थलगत अनुगमन गर्दा वृक्ष संरक्षण गर्न बनाइएको तारजालीको संख्या २२४ घटी तथा निर्धारित तौलभन्दा घटी भएको समेतका आधारमा रु. ७,८६,२८७.३४ बढी भुक्तानी भएको र आयोगको इटहरी कार्यालयका सि.डि.ई.को प्रतिवेदनमा ०७२/०७३ मा वृक्षारोपण कार्यमा प्रयोग भएको लागत स्टिमेटमा प्रतिगोटा ४०.१४ के.जी. हुनु पर्नेमा २६.३ के.जी. पाइएकोले रु. ९,८९,४५४।७६ बढी भुक्तानी गरी जम्मा रु. १७,७५,७४२।४० पैसा बढी भुक्तानी गरी सरकारी रकम हिनामिना गर्ने कार्यमा प्रस्तुत विशेष अदालतको फैसलाबाट प्रतिवादीहरु सत्यजीव कुमार सिंह, घनश्याम झा, टुनालाल कर्ण र ललित नारायण झाको मिलोमतोमा आरोपदावी वमोजिम कसुर गरेको प्रमाणबाट देखिन आएको भन्ने फैसलाले स्वीकार गरी सकेपछि विगो तर्फ प्रतिवादी सत्यजीव कुमार सिंहलाई मागदावी वमोजिम विगो कायम नगरी घटी विगो कायम गरी अन्य तीन जना प्रतिवादीहरुलाई विगो सम्बन्धमा केही नवोली चारै जनालाई कैद सजाय मात्र गर्ने गरी फैसला भएको।प्रतिवादीलाई आरोपदावी वमोजिम कायम भएको विगो ठहर्नु पर्ने नपर्ने या घटी कायम हुनुपर्ने आधार सहितको फैसला हुनु पर्नेमा उक्त विगो सम्बन्धमा विगो नै कायम नगरी तथा घटी विगो कायम गर्ने गरी भएको हद सम्मको फैसला त्रुटीपूर्ण देखिएको।<br>•प्रतिवादीहरु मध्ये प्रतिवादी सत्यजिव कुमार सिंहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) (ग) वमोजिम कसुरको मागदावी लिइएकोमा फैसलामा प्रतिवादी घनश्याम झालाई ऐ.को दफा ८(१) को देहाय (ग) को कसुर ठहर गरिएको। जवकी प्रतिवादीलाई ऐ.को दफा ८(४) को मागदावी लिइएको हो। प्रतिवादी सत्यजीव कुमार सिंहलाई आरोपदावीमा रु. १७,७५,७४२।४० बराबरको विगोको मागदावी लिइएकोमा विना आधार रु. १२,८८,५३५।९५ विगो कायम गरी के आधारमा उक्त घटी विगो कायम गरिएको हो सो सम्बन्धमा फैसलामा कुनै आधार कारण उल्लेख नगरिएको। प्रतिवादीहरु घनश्याम झा, टुनालाल कर्ण र ललित नारायण झालाई मागदावी वमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) वमोजिम कसुर ठहर गरी विगो सम्बन्धमा कुनै उल्लेख नगरी वादीको अन्य दावी पुग्न नसक्ने भनी फैसला भएबाट एकातिर प्रतिवादीहरु उपरको कसुर ठहर गर्ने अर्को तर्फ विगो सम्बन्धमा केही नवोली वादीको अन्य आरोपदावी पुग्न नसक्ने भनी विगो सम्बन्धमा केही नवोली भएको फैसलाको हदसम्म त्रुटीपूर्ण देखिंदा सो हदसम्म फैसला बदर भागी देखिएको।<br>•प्रतिवादी सत्यजिव कुमार सिंहलाई आरोपदावी वमोजिम ४ महिना कैद गरी विगो कायम गर्दा मिसिल संलग्न स्थलगत अनुगमन प्रतिवेदनबाट देखिएको आ.व. ०७१/०७२ को रु. ७,८६,२८७.६४ र ०७२/०७३ को रु. ९,८९,४५४।७६ गरी जम्मा रु. १७,७५,७४२।४० सरकारी रकम हानीनोक्सानी भएको स्पष्ट रुपमा मिसिल प्रमाणबाट खुली आएकोमा अदालतबाट फैसला गर्दा आ.व. ०७१/०७२ मा रु. ७,६४,८८३।९५ र आ.व. ०७२/०७३ मा रु. ५,२०,६४९/- गरी जम्मा रु. १२,८८,५३५।९५ मात्र कायम गरिएको।मागदावी अनुसार विगो कायम नगरी के कारणले हानीनोक्सानी भएको विगो मागदावी भन्दा घटी कायम हुन भएको हो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सो सम्बन्धमा कुनै आधार कारण उल्लेख नगरिएको। आधार कारण वीना निज प्रतिवादी सत्यजीव कुमार सिंह उपर घटी विगो कायम गर्ने गरी भएको हदसम्मको फैसला सरासर त्रुटी पूर्ण देखिएको।<br>•प्रतिवादीहरु शीतल रीमाल र सूचना तिमिल्सीना अनुगमन तथा मुल्याङ्कन अधिकृतको रुपमा कार्यरत रहेको। निजहरुले क्रमशः आ.व. ०७१/०७२ र ०७२/०७३ मा नगरपालिका भित्र सडकको दायाँबायाँ वृक्षारोपण गरिएको कार्यक्रम अनुसारको काम सम्पन्न भएको भनी राय पेश गरी भुक्तानीका लागि तत्कालिन कार्यकारी अधिकृत समक्ष सिफारिस गरेको मिसिल संलग्न प्रमाणले देखिएको। अदालतबाट फैसला हुँदा वृक्षारोपण गर्ने कार्यको अनुगमन गरी प्रतिवेदन दिने काममा संलग्न रहेको स्वीकार गरी सकेपछि निज प्रतिवादीहरुलाई आरोपदावी वमोजिम कसुर ठहर गरी सजाय गर्नु पर्नेमा सो नगरी भएको फैसला त्रुटीपूर्ण रहेको। |